संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-८

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८१ फागुन ११ गते, आइतवार

*बैठक प्रारम्भः- १:१५ बजे*

*बैठक स्थगितः- ३:०८ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको आठौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपरान्ह १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य इन्दिरा देवी गौतम**ले निजी विद्यालयमा महँगो शुल्कले गर्दा शिक्षा प्राप्तिमा समान अवसर नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य जग प्रसाद शर्मा**ले वैद्यखाना विकास समिति ठिक ढङ्गले सञ्चालन नभएको भनी स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तारामान स्वाँर**ले सर्लाही निवासी गोलु राय भारतीय एस.एस.पी. को आक्रमणको सिकार भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले सिराहामा घटेको रिङ्कु सदाको सामूहिक बलात्कार सम्बन्धी घटनाको वास्तविक छानविन गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले राष्ट्रिय सभा नियमावली ७५ को परिच्छेद २८ को (११७ च) मा भएको व्यवस्था बमोजिमको विषय उपलब्ध गर्न सभा मार्फत सचिवालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राधेश्याम पासवान**ले अमेरिकी राष्ट्रपतिले नेपाललाई दिएको २० अर्ब रकम दुरुपयोग भएको भनेर उठाइएको विषयमा सरकारले प्रष्ट पार्नु पर्ने माग गर्नुभयो।

**माननीय सदस्य शारदा देवी भट्ट**ले नेपालबाट अध्ययन गर्न जाने विद्यार्थीले भोग्नु परेको समस्याका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुमित्रा वि.सी.**ले १० औं राष्ट्रिय खेलकुद समयमै सम्पन्न गर्न सरकारलाई अनुरोध गर्नु भयो।

त्यसपश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गर्नुहुँदै विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो।

**माननीय सदस्य रुकमिणी कोइराला**ले जनताको हितमा काम गर्नको लागि कानुन निर्माण गर्नु पर्ने तथा कतिपय विषयमा कानुनी व्यवस्था गर्नुपर्ने भएकोले अध्यादेश आएको कुरा जिकिर गर्नुभयो।

**माननीय सदस्य झक्कु प्रसाद सुवेदी**ले ताप्लेजुङमा केबलकार राख्ने विषयमा जनतामाथि भएको दमनको भर्त्सना गर्दै, समयमा संसद अधिवेशन नबोलाई अध्यादेश ल्याउनुको औचित्य माथि सरकारलाई प्रश्न गर्नुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले कृषि अनुदान वास्तविक कृषकको हातमा नपरेको, कृषकको जीवनस्तर खस्कँदै गएको बताउँदै बिभिन्न क्षेत्रमा पीडित भएका जनताको हितमा काम गर्न, सहकारी पीडितको बचत फिर्ता गर्न, जलवायु परिवर्तनको असरको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य डा. बेदुराम भुसाल**ले संसदमा विचाराधीन विधेयक फिर्ता नलिइकन अध्यादेश ल्याउनु कति हदसम्म ठिक भयो भन्नी प्रश्न गर्दै अध्यादेशले जनता र राष्ट्रको हितमा काम गर्न नसक्ने जिकिर गर्नुभयो। **माननीय सदस्य मोहम्मद खालिद**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इण्डष्ट्रियल टेक्नोलोजिमा अध्यनरत प्रकृती लम्सालको रहस्यमय मृत्यु तथा विद्यार्थीको सुरक्षको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। **माननीय सदस्य बामदेव गौतम**ले फागुन ७ गते प्रजातन्त्र दिवसका दिन पूर्वराजाले सार्वजनिक गरेको भिडियो सन्देशको सन्दर्भमा संघीय संसदको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य युवराज शर्मा**ले जातिय विभेदका कारण घटेका घटनाका विषयमा चर्चा गर्दै, सामाजिक रुपान्तरणको आधार प्रस्तुत गर्नुभयो।

**माननीय सदस्य उर्मिला अर्याल**ले बिभिन्न रिपोर्टमा नेपाल ग्रे लिस्टमा परेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य शारदा देवी भट्ट**ले महिलाले महिला भएकै कारण बिभिन्न क्षेत्रमा पिडा भोग्नु परेको तथा अन्यायमा रहिरहेको विषय उठान गर्नुभयो।

त्यसपश्चात, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले देहाय बमोजिमको **रुलिङ** गर्नुभयोः- "सभाको आजको बैठकको शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएको प्रत्यायोजीत विधायन र सार्वजनिक नीति

उपलव्ध गराउनु पर्ने विषय प्रति सभाको ध्यानाकर्षण भएको छ। राष्ट्रिय सभा नियमावली, २०७५को नियम २१७च. र २१७छ. को व्यवस्था अनुसार नेपाल सरकारले बनाएका प्रत्यायोजित विधायन एवं सार्वजनिक नीति सम्वन्धित निकायवाट स्वीकृत भएको १५ दिन भित्र माननीय सदस्यहरुलाई वितरण गर्ने प्रयोजनार्थ सभामा उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको भएतापनि उक्त नियमहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको नदेखिएकोले नियमावलीले निर्धारण गरेको समय भित्रै उपलव्ध गराउन म नेपाल सरकारलाई ध्यानाकर्षण गराउदछु।"

त्यसपश्चात, सम्माननीय अध्यक्षले, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको **"भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६"** र **"विधुतीय व्यापार विधेयक, २०८०"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा, सभाका सचिव डा. सुरेन्द्र अर्यालले उक्त सन्देश टेबुल गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ सम्वन्धी समितिको प्रतिवेदन"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तदनुरुप, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन १८ गते आइतवार अपरान्ह १२ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव